# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) भिमाद फागुन ३० गते, २०८२ साल (संख्या १३

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### कृषि विकास अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८२

भिमाद नगरपालिकाको कृषि विकास अनुदान कार्यक्रम सञ्चालन, २०८०, लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कृषि विकास अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **मूल कार्यविधिको दफा ६ मा संशोधन**- मूल कार्यविधिको खण्ड (क), (ग) र (च) (घ) मा देहाय बमोजिम संशोधन गर्नुका साथै खण्ड (ज) थप गरिएको छ ।

(क) **मूल कार्यविधिको खण्डमा (क) मा संशोधन**-अधिकतम ५० प्रतिशत भन्ने सट्टा ८० प्रतिशत कायम गरिएको छ ।

(ख) **मूल कार्यविधिको खण्ड (ग) मा संशोधनमा**- अधिकतम ५० प्रतिशत भन्ने सट्टा ८० प्रतिशत कायम गरिएको छ ।

(ग) **मूल कार्यविधिको खण्ड (घ) मा संशोधन** — मूल कार्यविधिको व्यवस्था यथावत राखिएको छ।

(घ) **मूल कार्यविधिको खण्ड (च) मा संशोधन** - अधिकतम ५० प्रतिशत भन्ने सट्टा ८० प्रतिशत कायम गरिएको छ ।

(ङ) ब्यसायिक तरकारी खेतीका लागि आवश्यक बासको टनेल निर्माण, थोपा सिंचाई, प्लाष्टिक मल्चिङ गार्डेन पाईप, हजारी, स्प्रेएर लगायतका कृषि सामाग्रीहरुमा दिने अनुदान ८०% सम्म हुनेछ। आईरन टनेल निर्माण गर्दा दिईने अनुदान ५०% हुनेछ।

आज्ञाले

प्रमाणिकरण मितिः २०८२/०७/१८

कमल प्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रू.१०।-**